# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

गभर्नर डा. खतिवडा भारतको मुम्बईमा माघ १८-१९ मा भारतीय रिजर्व बैंकले आयोजना गरेको दोश्रो अन्तर्राट्रिय अनुसन्धान सम्मेलनमा भाग लिई आज स्वदेश फर्कनु भयो । उच्च स्तरीय सो दोश्रो अन्तर्राष्ट्रिय अनुसन्धान सम्मेलनमा एसियाली, युरोपेली, अफ्रिकी तथा लेटिन अमेरिकी मुलुकहरुका केन्द्रीय बैंकका गभर्नरहरु तथा वोर्ड सदस्यहरु र उच्च पदाधिकारीहरु, अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैंकका उच्च पदस्थ व्यक्तिहरु, वित्तीय बजार विश्लेषकहरु, वित्तीय क्षेत्रमा अनुसन्धानरत विभिन्न विश्वविद्यालयका प्राध्यापकहरु तथा वित्तीय पत्रकारीतामा संलग्न उच्च व्यक्तित्वहरु सहभागी थिए ।

उक्त गोष्ठिमा विगतको विश्वव्यापी वित्तीय संकट, पछिल्लो समयमा युरोपेली मुलुकहरुमा देखिएको ऋण संकट र मौद्रिक नीतिको कार्यान्वयनमा देखिएका चुनौतीहरुबारे छलफल भएको थियो । मूल्य स्थिरता कायम गर्ने, वित्तीय स्थायित्व हासिल गर्ने र सार्वभौम ऋणको स्तरलाई मुलुकले धान्न सक्ने स्तरमा कायम राखि राख्ने जस्ता एकैचोटी हासिल गर्न कठीन उद्येश्यहरु प्राप्तीमा केन्द्रीय बैंकहरुको भूमिका, प्रभावकारीता र कानूनी हैसियतका विषयमा छलफल केन्द्रित थिए । एउटा उद्येश्य, एउटा उपकरण र एउटा परिसूचक मात्र लाई आधार वनाएर विगतमा कन्द्रित रहेको मौद्रिक नीतिले अवका दिनहरुमा एकभन्दा बढी उद्येश्य हासिल गर्न सक्नु पर्ने धारणा धेरै केन्द्रीय बैंकका गभर्नरहरुले गोष्ठीको क्रममा राखेका थिए ।

विकसित राष्ट्रका केन्द्रीय बैंकहरुले अहिलेको जटिल वित्तीय समस्याका संदर्भमा चाल्नुपर्ने कदमहरु बारे ६ जना केन्द्रीय बैंक गभर्नरहरुको समूह छलफल (panel discussion) मा panelist को रुपमा भाग लिंदै गभर्नर खतिवडाले वित्तीय प्रणालीको नियमनकारी निकायहरुको सुगठन (consolidation) हुनु पर्ने, ज्यादै खुकुलो मौद्रिक नीति अपनाउन नहुने, सरकारी ऋणलाई अत्याधिक मौद्रिकरण हुन बाट रोक्न कानूनी व्यवस्था हुनु पर्ने, पश्चिमी मुलुकहरुले अधिक उपभोग केन्द्रित आर्थिक वृद्धिबाट लगानी केन्द्रीत वृद्धि तर्फ उन्मुख हुनु पर्ने र पछिल्लो दशकमा एसियाली मुलुकहरुले आर्थिक स्थायित्वका क्षेत्रमा चालेका राम्रा कदमहरु र उपलब्धीहरुबाट पाठ सिक्नु पर्ने धारणा राख्नु भएको थियो । सो सम्मेलनमा भाग लिन उहाँ माघ १७ गते त्यस तर्फ प्रस्थान गर्नुभएको थियो ।

२०६८ माघ २० गते शुक्रबार

गभर्नरको कार्यालय